# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ चौमाला, कैलाली बैशाख ०७ गते, सोमबार २०८३ साल, (संख्या ९)

**भाग-३**

## पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२

१. **प्रस्तावनाः** गौरिगंगा नगरपालिकाभित्र विभिन्न समयमा निर्मित सडक, खानेपानी, सिँचाइ, भवन, खेलकुद मैदान लगायतका सार्वजनिक पूर्वाधारहरूको उचित संरक्षण, नियमित मर्मत-सम्भार र दिगो उपयोग सुनिश्चित गरी सार्वजनिक लगानीको प्रतिफल जनस्तरसम्म पुऱ्याउन र समुदायमा अपनत्व विकास गर्न वाञ्छनीय भएकोले गौरिगंगा नगरपालिका कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

२. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२" रहनेछ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(ग) नगरपालिका भन्नाले गौरिगंगा नगरपालिकालाई सम्झनु पर्दछ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

गौरीगंगा राजपत्र

(ख) "पूर्वाधार" भन्नाले सार्वजनिक बजेटबाट निर्माण भएका सडक, पुल, भवन, खानेपानी आयोजना, कुलो, पोखरी, बगैंचा, चौतारा, यात्रा प्रतिक्ष्यालय आदि बुझिन्छ।

४. **समितिको गठन विधिः** पूर्वाधारको प्रकृति अनुसार वडा स्तरमा वा आयोजना स्तरमा देहाय बमोजिमको समिति गठन गरिनेछः

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा कार्यपालिका सदस्य – संयोजक
(ख) टोल विकास संस्थाका प्रतिनिधि (१ जना) – सदस्य
(ग) सम्बन्धित योजनाका उपभोक्ता समितिबाट चुनिएका प्रतिनिधि (१ जना महिला सहित २ जना) – सदस्य
(घ) प्राविधिक कर्मचारी सम्बन्धित वडा (सब-इन्जिनियर) – सदस्य
(ङ) वडा सचिव वा वडा समितिले तोकेको कर्मचारी - सदस्य सचिव

**५. समितिको काम, कर्तव्य र अधिकार**

(क) आफ्नो क्षेत्रभित्रका सबै सार्वजनिक पूर्वाधारहरूको लगत संकलन र संरक्षण गर्ने।

(ख) पूर्वाधारको नियमित मर्मत-सम्भारका लागि वार्षिक योजना तयार गरी नगरपालिका/वडामा पेश गर्ने।

(ग) सार्वजनिक सम्पत्तिको अतिक्रमण वा क्षति पुर्‍याउने व्यक्ति वा संस्थालाई कानुनी कारबाहीका लागि सिफारिस गर्ने।

(घ) पूर्वाधार प्रयोग गरेबापत उचित सेवा शुल्क (User Charges) निर्धारण गरी संकलन गर्ने।

(ङ) पूर्वाधारको उपयोग सम्बन्धी आचारसंहिता बनाई लागू गर्ने।

६. बैठक र निर्णय प्रक्रिया

(क) समितिको बैठक आवश्यकता अनुसार महिनामा कम्तीमा एक पटक बस्नेछ।

(ख) कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थिति भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(ग) निर्णयहरू सर्वसम्मति वा बहुमतका आधारमा गरिनेछ र सोको विवरण (Minute) सुरक्षित राखिनेछ।

गौरीगंगा राजपत्र

**७. आर्थिक व्यवस्थापन र कोष**

(क) समितिले पूर्वाधार मर्मतका लागि एक छुट्टै "मर्मत-सम्भार कोष" सञ्चालन गर्न सक्नेछ।

(ख) कोषमा सेवा शुल्क, जरिवाना, र नगरपालिका वा अन्य कुनै निकायबाट प्राप्त अनुदान जम्मा गरिनेछ।

(ग) कोषको रकम पूर्वाधारको मर्मत र संरक्षण बाहेक अन्य काममा खर्च गर्न पाइने छैन।

(घ) यस कोषको संचालन समितिको निर्णयानुसार अदक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

**८. विविधः** यस कार्यविधिमा नसमेटिएका विषयहरू प्रचलित स्थानीय सरकार सञ्चालन ऐन र अन्य कानुनी व्यवस्था बमोजिम हुनेछन्।

आज्ञाले
भक्तराज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र